रेइवा 2 साल जून 26 तारिख
(२०२१ अप्रिल १६ तारिखमा नविकरण गरिएको)
जापान अध्यागमन सेवा एजेन्सी

**नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरूको लागि** (२०२१ अप्रिल १६ तारिखदेखि)

नोभल कोरोना भाइरस (कोभिड 19) को प्रभावले गर्दा जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएका स्थायी बसोबासीहरू निम्न विधिद्वारा जापान पुनः प्रवेश गर्न सक्ने(＊1) हुनाले, हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावाससँग परामर्श लिनुहोस्।

[1] जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघेको भएमा वा मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्न कठिनाइ भएमा

हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याउन सकिने अवस्थाहरू हुन सक्छ।

[ मान्य अवधि समाप्त हुने मितिदेखि अधिकतम 1 वर्षको अवधि लम्ब्याउन सकिन्छ। ]

जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि लम्ब्याइएको खण्डमा, नयाँ मान्य अवधि भित्र जापान पुनः प्रवेश गर्नुहोस्।
लम्ब्याउन नसकेको खण्डमा, [2]को विधिद्वारा जापान प्रवेश गर्नुहोस्।

[2] विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि नाघिसकेको खण्डमा (यसमा [1]को विधि गर्न नसकेको अवस्था पनि पर्छ।)

यसमा, ती व्यक्तिहरूलाई लागू हुन्छ जसको जापान पुनः प्रवेश अनुमति वा विशेष जापान पुनः प्रवेश अनुमतिको मान्य अवधि समाप्त हुने मिति २०२० साल जनवरी १ तारिखदेखि र एजेन्सीले छुट्टै तोकिएको मितिसम्मको (*3) अवधिमा र देश प्रवेश प्रतिबन्ध हटाइएको दिन (*2) को ६ महिना वा त्यो भन्दा लामो समयमा पर्छ। (*4)

देश प्रवेश प्रतिबन्ध हटाइएको दिनदेखि ६ महिना वा त्यो भन्दा लामो समय पछि एजेन्सीले छुट्टै तोकिएको मितिसम्म हाल रहेको स्थानको जापान दूतावास वा महावाणिज्य दूतावासमा "निर्धारित स्थायी बसोबासी" को भिसाको लागि आवेदन दिनुहोस्।

भिसा जारी गरिएमा, जापान प्रवेश गर्दा, "स्थायी बसोबासी" को रूपमा जापान प्रवेश गर्नको लागि जापानको विमानस्थलमा फरक प्रक्रिया गर्न सकिन्छ।

*1 यस नीतिको दायरामा पर्ने व्यक्ति भए तापनि, हाल रहेको देश वा क्षेत्रको देश प्रवेश प्रतिबन्ध हटाइएको नभएमा, विशेष परिस्थिति भएको भनेर अनुमति दिइएको बेला बाहेक अन्य अवस्थाहरूमा जापान प्रवेश गर्न अनुमति दिइनेछैन।

*2 देश प्रवेश प्रतिबन्ध हटाइएको दिन भनेको, हाल रहेको देश वा क्षेत्रमा अवतरण अस्वीकार तथा जारी गरिसकेको भिसाको वैधतामा लगाइएको रोक, दुबै हटाइएको दिन हो।

सम्बन्धित देश वा क्षेत्रको प्रवेश प्रतिबन्ध स्थितिबारे तलको न्याय मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।

http://www.moj.go.jp/isa/content/930005848.pdf

*3 “एजेन्सीले छुट्टै तोकिएको मिति” एजेन्सीको वेबसाइटमा आदि घोषणा गरिन्छ, लगभग ३ महिना अगाडी।

*4 लागु हुने पुन प्रवेश अनुमतिको म्यादको दायराको बारेमा यहां हेर्नुहोस्। देश प्रवेश प्रतिबन्ध हटाइएको दिन पछि पनि, तपाईंले एजेन्सीले छुट्टै तोकिएको मितिसम्म देश प्रवेश गर्न सक्नुहुन्छ। (२०२१ अप्रिल १६ तारिखमा लागु हुने अवधी लम्ब्याइएको छ)

*5 [१] र [२] को प्रक्रियामा आवश्यक कागजातहरूबारे तलको परराष्ट्र मन्त्रालयको होमपेजमा हेरेर निश्चय गर्नुहोस्।

https://www.mofa.go.jp/about/emb_cons/mofaserv.html

*6 यस ब्यवस्था लागु हुने ब्यक्तिले यस ब्यवस्था उपयोग नगरी एजेन्सीले छुट्टै तोकिएको मितिसम्म जापान प्रवेश खुल्ला गरिएको दिनबाट ६ महिना वा त्यो भन्दा लामो समयपछि「स्थायी वासिन्दा」बाहेकको भिसाले जापान प्रवेश गरेमा जापान प्रवेश पश्चात ६ महिना भित्रमा स्थायी वसोवासको अनुमतिको निवेदन दिएको खण्डमा स्थायी वासिन्दा निवेदन पत्र, याचना पत्र (छुट्टै नत्थी गरिएको फ़ारम १), पहिलेको आवासिय कार्डको फ़ोटोकपी लिएर निवेदन गरिन्छ (आवश्यकता अनुसार अन्य कागजातहरुको माग हुन पनि सक्छ)

जापान प्रवेश गरेको ६ महिना बितेपछि स्थायी वासिन्दाको निवेदन दिने भएमा साधारण अवस्थाकै स्थायी वासिन्दाको निवेदन र सोही अनुसारको प्रमाण कागजातहरु आवश्यक पर्ने भएकोले बुझिराख्नु होला ।

साथै, स्थायी वासिन्दाको अनुमति प्राप्त गरेसंगै मध्य तथा दिर्घकालिन वासिन्दा हुने ब्यक्तिले स्थायी वासिन्दा अनुमति पश्चात आफु बसोवास गरेको गाउं, नगर लगायतका स्थानिय निकायमा बसोवास गर्ने स्थानको दर्ता गराउनु होला ।